स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्याः-०८१/८२
सूचना नम्बरः- ५

**आ.व.२०८१/०८२ को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी ७(सात) दिने सूचना !!!**

**दोस्रो पटक प्रकाशित मितिः २०८१ श्रावण ०८ गते**

मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को आन्तरिक आय संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आन्तरिक आय सङ्कलनको लागि तपसिल बमोजिमको बिभिन्न शिर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी शिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको सूचनापाटी वा वेभसाईट www.mayadevimunrupandehi.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यापालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

<u>तपसिल</u>

| क्र.सं. | ठेक्का नं. | ठेक्का बिबरण | ठेगाना | न्युनतम कबोलअङ्करु. (करबाहेक) | धरौटी | दरभाउ दस्तुर (रु.) | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|---|
| १ | १३-मायादेवी आय-२०८१/८२ | जिग्निहवा ताल | मायादेवी-०१ | १५०५०० | कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकमको बैंक भौचर वा सो बराबरको बैंक जमानत | १०००/- | ३ बर्ष |
| २ | १४-मायादेवी आय-२०८१/८२ | सुण्डी पोखरी | मायादेवी-०४ | ११३०५० | | १०००/- | ३ बर्ष |
| ३ | १६-मायादेवी आय-२०८१/८२ | मतकोलवा पोखरी | मायादेवी-०४ | ६०५५५० | | १०००/- | ३ बर्ष |
| ४ | १७-मायादेवी आय-२०८१/८२ | हरसिउरी गाउँ दक्षिण खेतमा रहेको पोखरी | मायादेवी-०२ | ८५२५० | | १०००/- | ३ बर्ष |
| ५ | १८-मायादेवी आय-२०८१/८२ | तिलौरी गाउँको बिचमा रहेको पोखरी | मायादेवी-०२ | ११७०७५ | | १०००/- | ३ बर्ष |
| ६ | २०-मायादेवी आय-२०८१/८२ | तिलौरी गाउँको पूर्व रहेको पोखरी | मायादेवी-०२ | ४६०७५ | | १०००/- | ३ बर्ष |
| ७ | २१-मायादेवी आय-२०८१/८२ | तिलौरी गाउँको दक्षिण रहेको पोखरी | मायादेवी-०२ | १०५७५० | | १०००/- | ३ बर्ष |
| ८ | २२-मायादेवी आय-२०८१/८२ | कम्हरिया गाउँको पूर्व रहेको पोखरी | मायादेवी-०३ | १२०००० | | १०००/- | ३ बर्ष |
| ९ | २३-मायादेवी आय-२०८१/८२ | बरेवा गाउँको पश्चिम रहेको पोखरी | मायादेवी-०३ | १२०००० | | १०००/- | ३ बर्ष |
| १० | २४-मायादेवी आय-२०८१/८२ | बरेईमाई मन्दिरको नजिक रहेको पोखरी | मायादेवी-०३ | १७६००० | | १०००/- | ३ बर्ष |
| ११ | २५-मायादेवी आय-२०८१/८२ | गुण्डा गाउँको दक्षिणको रहेको पोखरी | मायादेवी-०३ | ४०००० | | १०००/- | ३ बर्ष |
| १२ | ०१-मायादेवी फोहोरमैला-२०८१/०८२ | फोहरमैला व्यवस्थापन(सङ्कलन/बिसर्जन) | मायादेवी-०८ | ४४८२२७ (मु.अ कर समेत) | | १०००/- | वार्षिक |

प्रमुख प्रशासकीय अधिकृत



ईमेलः-info@mayadevimunrupandehi.gov.np , mayadeviruraimun@gmail.com वेभ साइटः-mayadevimunrupandehi.gov.np

शर्तहरु

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित बोलपत्र फाराम दस्तुर वापत को रकम प्राईम कमर्सियल बैङ्क लिमिटेडमा मायादेवी गाउँपालिकाको नाममा रहेको राजश्व खाता नं. ०६४०१००००००१५७००११९ मा ठेक्का नं. र दरभाउपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए बमोजिमको दरभाउपत्र दस्तुर वापतको रकम दाखिला गरेको बैङ्क भौचर पेश गरी मायदेवी गाउँपालिकाको Website https://mayadevimunrupandehi.gov.np बाट दरभाउपत्र फाराम डाउनलोड गर्न वा मायादेवी गाउँपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको दिन बेलुका ५ बजे सम्म खरिद गरी ८ औं दिन दिउँसो १२:०० बजे सम्म दर्ता भएका दरभाउपत्रहरु ८ औं दिनको २:०० बजे खोलिनेछ साथै सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता गरिने र खोलिने छ ।

३. शिलबन्दी दरभाउपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेखु पर्नेछ । दरभाउपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै शिलबन्दी दरभाउपत्र संलग्न गर्नुपर्ने छ।

४. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राखु पर्नेछ । धरौटी बापत यस मायादेवी गाउँपालिकाको कार्यालय, बरेवा, रुपन्देहीको नाममा रहेको प्राईम कर्मिसयल बैङ्क, बेथरी शाखाको खाता नं. ०६४०१००००००१६५००११२ धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्रास (क) वर्गको बाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । शिलबन्दी दरभाउपत्रका साथ जमानत वापतको रकम नगद राखेमा मान्य नहुनुका साथै जमानत वापतको नगद रकम जफतसमेत गरिने छ।

५. दरभाउपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी आवश्यक कागजात सहित कार्य सम्झौताको लागि यस कार्यलयमा सम्पर्क राखु पर्नेछ ।

६. दरभाउपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको शिलबन्दी दरभाउपत्र फिर्ता तथा संशोधन हुनेछैन।

७. दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ, साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।

८. रितपूर्वक दाखिला भएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको शिलबन्दी दरभाउपत्र स्वीकार हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

९. प्रचलित नियमानुसार कालो सूचीमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कार्यवाहि हुने छैन ।

१०. यस सुचनामा उल्लेख भएका शर्तहरु लगाएत यस गाउँकार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिनेछन् ।

११. अन्य शर्तहरु प्रचलित ऐन, कानुन, नियममानुसार हुनेछन ।

## क. पोखरी ताल ठेक्का सम्बन्धी थप शर्त

१. ठेक्का सम्झौता गर्दा कबोल रकम अग्रीम एकमुष्ठ रुपमा वा दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता रकम र कर संझौता गर्नु अघि र बाँकी दोश्रो किस्ता रकम बरावरको राष्ट्र बैंकबाट मान्यता प्रास बैकबाट जारी गरिएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ । दोश्रो किस्ता रकम २०८१ मंसिर मसान्त भित्र बुझाउनु पर्नेछ ।

२. सार्वजनिक हाटबजार सरसफाई तथा मर्मत संभार ठेकेदार स्वंयले गर्नुपर्नेछ । माछा तथा भुरा मरेमा गाउँपालिकाले कुनै पनि किसिमको क्षतिपुर्ति दिन नसक्ने साथै कुनै किसिमको राजश्व रकम मिनाहा हुने छैन ।

३. ठेक्का अवधि २०८४ असार मसान्तसम्म रहनेछ ।

## ख. फोहरमैला व्यवस्थापन ठेक्का सम्बन्धी थप शर्त

१. गाउँपालिकाले उपलब्ध गराएको जग्गामा फोहर संकलन बिसर्जन केन्द्रको लागि प्रयोग गर्न सक्नेछ ।

२. फोहरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने ट्रयाक्टर, सवारी चालक र कुचीकार स्वंयले राख्नुपर्नेछ र उल्लेखित स्रोतसाधनहरुको मर्मत संभार, ईन्धन खर्च र पारिश्रमिक पनि प्रस्ताव पेश गर्नेले व्यहोर्नुपर्नेछ ।

३. कोहोरमैला संकलन/प्रशोधन/बिर्सजन केन्द्रको लागि गाउँपालिकाले तोकेको जग्गा वा क्षेत्र बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन । तर प्रस्तावक आफैले जग्गा व्यवस्थापन गरी पाएक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा त्यसो गर्न सक्नेछ । त्यसरी प्रयोग गरेबाट आउन सक्ने समस्याको जवाफदेही भने स्वयं प्रस्तावक नै हुनुपर्नेछ ।

४. स्वीकृत प्रस्तावक संग सम्झौता गरेपछि सम्झौतामा उल्लेख भएको शर्तहरु सोही अनुसार र सम्झौतामा उल्लेख नभएका बिषयहरुमा प्रचलित कानून अनुसार हुनेछ ।

५. ठेक्का अवधि २०८२ असार मसान्तसम्म ।

.................................

कृष्ण प्रसाद ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत